
नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ७, अंक १, वैशाख

# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन




**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ
प्र.ना.म.नि. जनक भट्टराई

**सल्लाहकार**
प्र.व.उ. भूपेन्द्र बहादुर खत्री
प्र.व.उ. नविनराज राई

**सम्पादक मण्डल**
प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ह. कल्पना राई

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ - ३ |
| अपराध तथ्याङ्क | ४ - ९ |
| प्रहरी सेवा प्रवाह | १० - १२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ - १५ |
| अपराध समाचार | १६ - २० |
| उत्कृष्ट अनुसन्धान | २१ |

# विभागिय गतिविधि

## दर्ज्यानी चिन्हद्धारा सुशोभित



***काठमाडौं, १३ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको च.नं. ६३८८ मिति २०८१।०१।१२ गतेको पत्रानुसार गृह मन्त्रालय (सचिवस्तर) को मिति २०८१।०१।१२ गतेको निर्णयानुसार मिति २०८१।०१।१३ गतेबाट लागू हुने गरी प्रहरी वरिष्ठ नायव निरीक्षक पदबाट प्रहरी निरीक्षक पदमा एक तह पदोन्नती हुनु भएका नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग अन्तर्गत नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, महाराजगंजमा कार्यरत राम बहादुर कार्कीलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ ज्यूद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत तथा अन्य दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो। दर्ज्यानी चिन्ह सुशोभन गर्ने क्रममा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङज्यूले बधाई दिँदै आगामी दिनमा अझ बढी व्यावसायिकता प्रदर्शन गर्दै प्राप्त जिम्मेवारीलाई वहन गर्न निर्देशन दिनुभयो।

## बिदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न



***काठमाडौं, १६ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक बसन्त रजौरेज्यूको जिल्ला प्रहरी परिसर, काठमाडौंमा काज सरुवा भई मिति २०८१।०१।१६ गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ ज्यूद्धारा "विदाई तथा फेरि भेटौला" कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्र.ना.म.नि. जनक भट्टराईज्यू लगायत प्रहरी बरिष्ठ अधिकृतज्यूहरू उपस्थिति रहेको थियो । विदाई भई जानु लाग्नु भएका प्र.उ.व.ज्यूले विदाई तथा फेरि भेटौंला कार्यक्रममा अपराध अनुसन्धान विभागमा रहि प्रदेश स्तरिय गोष्ठी, विभिन्न अन्तर्क्रिया कार्यक्रम र समितिमा काम गर्ने क्रममा कानूनी विषयमा थप ज्ञान, नयाँ प्रविधि, देशैभरी घटि रहेको विद्यमान अपराध साथै अपराध अनुसन्धानमा रहेका कमी कमजोरी र चुनौतिहरूको अवलोकन गरी बुझ्ने मौका पाएकोले जिल्ला प्रहरी परिसर प्रमूखको रुपमा कमिकमजोरीहरू सुधार गर्ने र विभागीय निर्देशनहरूको कार्यन्वयन गर्ने तर्फ प्रतिबद्धता जाहेर गर्नु भएको थियो। प्रमूख अतिथि तथा विभागीय प्रमूखज्यूले कार्यालयको तर्फबाट खादा, मायाको चिनो तथा सरुवाको रवाना पत्र प्रदान गरिदिनुहुनका साथै गम्भीर र जघन्य कसूरमा अनुसन्धानका क्रममा फोटोग्राफी र रेखाचित्रणमा बिशेष प्राथमिकता दिन, चोरीका अपराधमा फिङ्गर प्रिन्ट परिक्षण गर्ने तर्फ सक्रियताका साथ थप तीव्रता दिन र प्रहरी कर्मचारीहरूलाई बिषयविज्ञताका आधारमा उत्प्रेरित गरी कार्य गर्न गराउन आवश्यक निर्देशन तथा सफल कार्यकालको शुभकामना मन्तव्य व्यक्त गर्नु भयो।

## चालु आ.व. २०८०/०८१ को कार्यसम्पादन सम्झौताको तेस्रो त्रैमासिक कार्य प्रगति समीक्षा कार्यक्रम सम्पन्न



***काठमाडौं, १६ वैशाख***

प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरज्यूको उपस्थितिमा नेपाल प्रहरी कार्ययोजना, २०८० तथा चालु आर्थिक वर्ष २०८०/०८१ को कार्यसम्पादन सम्झौताको तेस्रो त्रैमासिक कार्य प्रगति समीक्षा कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालयमा सम्पन्न भएको हो। सो अवसरमा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरज्यूले नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट प्रकाशित 'अपराध अनुसन्धान दिग्दर्शन' पुस्तकको विमोचन समेत गर्नुभयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यूहरू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, वरिष्ठ प्रहरी अधिकृतज्यूहरू लगायत मातहत प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरूको भौतिक तथा भर्चुअल माध्यमबाट उपस्थिति रहेको थियो । कार्यक्रममा प्रहरी महानिरीक्षक कुँवरज्यूले नेपाल प्रहरीको आन्तरिक सुदृढिकरणलाई प्रमुख आधार विन्दु मान्दै तयार गरिएको नेपाल प्रहरी कार्ययोजनामा आधारित रहेर चालु आर्थिक वर्षमा गरिएको कार्यसम्पादन सम्झौता कार्यान्वयनको हालसम्मको अवस्था सन्तोषजनक रहेको बताउनुभयो। कार्ययोजना अन्तर्गत तर्जुमा गरिएका योजना प्रतिवेदनहरूलाई प्रतिवेदनमा मात्र सीमित नराखी तत्काल कार्यान्वयनमा लैजानु पर्नेमा जोड दिँदै प्रहरी महानिरीक्षक कुँवरज्यूले भन्नुभयो, 'वार्षिक लक्ष्य अनुसार मातहत

कार्यालयहरूले कार्यसम्पादन गरेको छ वा छैन अथवा प्रगति हासिल गरेको छ/छैन सो सम्बन्धमा उपत्यका तथा प्रदेश प्रहरी कार्यालयहरूले नियमित अनुगमन, मूल्याङ्कन तथा मार्गनिर्देशनलाई निरन्तरता दिनुपर्ने कुरा बताउनु भयो। प्रहरी महानिरीक्षक कुँवरज्यूले प्रहरी कर्मचारीहरूको आचरण व्यवहारमा आउने सुधारसँगै आम नागरिकमा प्रहरी प्रति प्रकट गरिने रूष्टता तथा गुनासोमा स्वत: कमी आउने तथ्यलाई समेत ध्यानमा राखी कार्यसम्पादन गर्न प्रदेश तथा जिल्ला तहका कमाण्डरहरूलाई निर्देशन समेत दिनुभयो।

## भौतिक सबुद परीक्षणलाई व्यवस्थित एवं प्रभावकारी बनाउने विषयमा छलफल कार्यक्रम सम्पन्न

**काठमाडौं, २३ वैशाख**

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ ज्यूको अध्यक्षतामा अपराध अनुसन्धान विभाग र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटार बिच भौतिक सबुद परीक्षणलाई व्यवस्थित एवं प्रभावकारी बनाउने विषयमा छलफल कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा विभागबाट विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरू र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटारका अधिकारीज्यूहरूको सहभागिता रहेको थियो।

## बिदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न



***काठमाडौं, २३ वैशाख***

मिति २०७८ साल माघ महिनामा UN Assessment for Mission Service (AMS) उत्तीर्ण भई United Nations Peacekeeping Force in Cyprus (UNFICYP) मिसनमा Patrol Officer पदमा छनौंट भएका प्र.ना.उ. छिरिङ किप्पा लामा (UNFICYP) मिसनमा मिति २०८१।०१।३१ (तदनुसार 13 May 2024) गते खटिई जान लाग्नु भएकोले नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूले बिदाई गर्नुका साथै बधाई तथा शुभकामना दिनुभयो। उक्त कार्यक्रममा प्र.ना.म.नि. जनक भट्टराईज्यू, प्रहरी बरिष्ठ अधिकारीज्यूहरू लगायत अन्य सकल दर्जाका प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो।

## अपराध अनुसन्धान तथा अपराध न्यूनीकरण सम्बन्धी छलफल सम्पन्न



***काठमाडौं, २६ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागस्थित प्रशिक्षण हलमा सुरक्षा तथा न्याय अध्ययन केन्द्रका प्रतिनिधिहरूसँग अपराध अनुसन्धान तथा न्यूनीकरण सम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा विभागबाट विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यू, सिनियर प्रहरी अधिकृतज्यूहरू तथा पूर्व प्रहरी महानिरीक्षक प्रकाश अर्यालज्यू लगायत अन्य पूर्व प्रहरी अतिरिक्त महानिरीक्षकज्यूहरूको सहभागिता रहेको थियो। कार्यक्रमको प्रारम्भमा विभागको तर्फबाट अपराध कार्ययोजना (Crime Action Plan-CAP) को समीक्षा, हासिल उपलब्धी र आगामी कार्यदिशा सम्बन्धी प्रस्तुतीकरण गरिएको थियो। तत् पश्चात् सहभागीहरूबाट उल्लेखित विषयमा आगामी दिनमा नेपाल प्रहरीलाई थप सबल र सक्षम बनाउन अवलम्बन गर्नुपर्ने रणनीति र कार्यदिशा सम्बन्धमा विविध सकारात्मक सुझावहरू प्राप्त भएको थियो। कार्यक्रमको अन्तमा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूले विभागको संक्षिप्त गतिविधि तथा नबीनतम् प्रयासहरूको बारेमा जानकारी गराउनुका साथै आगामी दिनमा केन्द्रसँग सहकार्य गरेर जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## "Training Reporting System" TRS तालिम सम्पन्न



***काठमाडौं, २८ वैशाख***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८१ वैशाख ९ गते देखि संचालित १६ कार्यदिन अवधिको **"Computer Network & Security"** विषयक प्रथम समूहको तालिम २०८१ वैशाख

२८ गते सम्पन्न भयो । उक्त तालिममा प्रहरी निरीक्षक ६, प्रहरी वरिष्ठ नायव निरीक्षक ५ ,प्रहरी नायव निरीक्षक १४, प्रहरी सहायक निरीक्षक १० जना गरी जम्मा ३५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । "**Computer Network & Security** "तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान शिप हासिल गर्नुका साथै दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक भण्डारीज्यूले बधाई समेत व्यक्त गर्नुभयो । उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक भण्डारीज्यूले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्नुहुँदै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्न हुन निर्देशन समेत दिनुभयो ।

## बिदाई तथा फेरी भेटौंला कार्यक्रम सम्पन्न



***काठमाडौं, ३१ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी निरीक्षक रंजित लामा ईलाका प्रहरी कार्यालय ठोरी, पर्सा र प्रहरी निरीक्षक चोनु गुरुङ भोटेओडार, लम्जुङमा सरुवा हुनुभएकोमा मिति २०८१।०१।३१ गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ ज्यूको प्रमुख आतिथ्यतामा "विदाई तथा फेरि भेटौला" कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्र.ना.म.नि. अरुण कुमार भण्डारीज्यू लगायत प्रहरी बरिष्ठ अधिकारीज्यूहरू उपस्थिति रहेको थियो। सरुवा भई नयाँ जिम्मेवारीमा जान लाग्नु भएका प्रहरी निरीक्षकज्यूहरुलाई कार्यालयको तर्फबाट खादा, मायाको चिनो तथा सरुवाको रवाना पत्र प्रदान गरिदिनुहनका साथै शुभकामना सहित आवश्यक निर्देशन समेत दिनुभयो।

## Crime Reporter हरुसँगकोअन्तर्क्रिया कार्यक्रम सम्पन्न



***काठमाडौं, ९ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको पुस्तकालय हलमा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ ज्यूको अध्यक्षतामा उपत्यका स्थित रहेका अपराध सम्बन्धी समाचार संप्रेषण गर्ने Crime Reporter हरुसँगको अन्तर्क्रिया कार्यक्रमको आयोजना भयो। कार्यक्रममा प्रहरी बरिष्ठ अधिकारीज्यूहरू र प्रेस काउन्सिल नेपाल, राष्ट्रिय समाचार समिति,News Agency Nepal, गोरखापत्रका संवाददाता तथा अन्य अधिकृतज्यूहरूको उपस्थिति रहेको थियो।

## Women Peace & Security (WPS) Workshop उद्घाटन सम्पन्न



***काठमाडौं, ३१ वैशाख***

International Police Peacekeeping Operations Support Program (IPPOS) & United Nations Institute for Training and Research (UNITAR) Organizer द्वारा Dusit Princess, Lazimpat स्थित ५ दिने Women Peace & Security (WPS) Workshop उदघाटन सम्पन्न भयो । उक्त Workshop उद्घाटन कार्यक्रम अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङज्यूबाट भएको थियो । नेपाल सहित २३ देशका ३६ जना Participants सहभागिता रहेको थियो , जसमध्ये नेपाल प्रहरीबाट ७ , सशस्त्र प्रहरी बल नेपालबाट २ र बिदेशी २७ जना सहभागी रहनु भएको थियो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति युएईबाट पक्राउ


***काठमाडौं, १३ वैशाख***

वैदेशिक रोजगार कसूर मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी बाँके खजुरा गाउँपालिका-२ सितापुर बस्ने कमल विश्वकर्मा पक्राउ परेका छन् । एनसिबि अबुधावी युएईको समन्वयमा युएईमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । वैदेशिक रोजगार कसूर मुद्दाको अनुसन्धानको सिलसिलामा उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवं पक्राउ गर्नको लागि बैदेशिक रोजगार विभाग अनुसन्धान तथा मुद्दा शाखा ताहाचल काठमाडौंबाट अनुरोध भएपश्चात एनसिबि काठमाडौंको अनुरोधमा ईन्टरपोल महासचिवालयबाट सन् २०२४ फेब्रुअरी २ मा रेड नोटिस जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि वैदेशिक रोजगार विभागमा बुझाइएको छ ।




# अपराध तथ्याङ्क

## काठमाडौ उपत्यका तथा प्रदेशहरुको वैशाख महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (फागुन- वैशाख)




## त्रैमासिक मुद्दा दर्ता र फछ्यौंट संख्या (फागुन-वैशाख)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०।०८१ वैशाख सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता ( आ.व. २०८०।०८१ वैशाख)





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०८०।०८१ वैशाख)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०८०।०८१ वैशाख)





## २०८१ वैशाख महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८१ वैशाख महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८१ वैशाख महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८१ वैशाख महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १०८ | १२ वर्ष ७ महिना ९ दिन | ४७७७७३४७ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १८८ | ८२ वर्ष ८ महिना २४ दिन | १३९८५५३२ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ४९५ | ५५ वर्ष २ महिना २८ दिन | ४९७१३३६ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १४८ | ९५ वर्ष १० महिना ० दिन | १४६०२५६८ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १०७ | ५९ वर्ष ५ महिना २९ दिन | ८४२२८२ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १७३ | ९६ वर्ष १ महिना ५ दिन | १३७३६९८८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ८ | ४ वर्ष ० महिना १५ दिन | ९९३० |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १०४ | २६ वर्ष २ महिना २८ दिन | १०७१२१९६ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १० | २३ वर्ष ३ महिना १५ दिन | ५२२६०४८२ |
| **जम्मा** | | **१३४१ जना** | **४५५ वर्ष ७ महिना ३ दिन** | **रु. १५,८८,९८,६६१** |

## २०८१ वैशाख महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०८० चैत र २०८१ वैशाख महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८१ वैशाख महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८१ वैशाख महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | ९६४४४ | ७५३६२ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ५४० | ५३६ |
| ३ | नागरिक उड्ड्यन कार्यालय प्रहरी प्रतिवेदन | ५ | ५ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १३ | १३ |
| ५ | औंठाछाप प्रमाणिकरण | १६८ | १६८ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ५ | ५ |
| **जम्मा** | | **९७,१७५** | **७६,०८९** |

## सामुदायिक प्रहरी गतिविधि

२०८१ वैशाख महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)







समुदाय - प्रहरी साझेदारी

# आसरा सुधार केन्द्र

## २०८१ वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## वैशाख महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ७ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ११ जना |
| ३. | हराएका विदेशी नागरिक | ० |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ३४,८१३ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | १ |

# खोजतलास तथा समन्वय

## २०८१ वैशाख महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## वैशाख महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८१ सालको वैशाख महिनामा बिभिन्न १८ वटा मुद्दा शीर्षक (उजुरी छानविन सम्बन्धी , चोरी, किर्ते,ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, बिद्युतीय कसूर, जबरजस्ती करणी, कर्तब्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, सुन तस्करी, सवारी दुर्घटना र वेवारीसे लास) अन्तर्गत ७३ वटा मुद्दाको २७७ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- वैशाख महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयम सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट **२०८१/०१/०१ गतेदेखि २०८१/०१/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **४०२** केशहरु र **४०२५** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डीङ केशहरु समेत गरी **३३२** केशहरु र **२५४१** नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८१/०१/०१ गते देखि २०८१/०१/३१ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा **१५४४** DATA Entry भएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८१/०१/०१ गतेदेखि २०८१/०१/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१९७** केशहरु र **६२१** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **११७** केशहरु र **४१५** नमूनाहरु परीक्षण गरिएको।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट २०८१/०१/०१ गतेदेखि २०८१/०१/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५३** केशहरु र **१५८** नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी **४०** केशहरु र **१३६** नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८१ वैशाख महिनामा परिचालित संख्या**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### कुटपिट गरी आफ्नै काकाको हत्या गरेको अभियोगमा पक्राउ

***नवलपरासी पश्चिम, २ वैशाख***

आफ्नै काका नाता पर्ने ५० वर्षीय तिलकधरी चमार (हरिजन)को कुटपिट गरी हत्या गरेको अभियोगमा सुस्ता गाउँपालिका-३ मर्चहवा बस्ने २१ वर्षीय सन्तराम चमारलाई प्रहरीले पक्राउ गरेको छ। सन्तरामले गत चैत २८ गते बादबिवाद भई कुटपिट गर्दा घाइते भएका तिलकधरीलाई स्थानिय मेडिकलमा उपचार गराई घरमै बसिरहेको अवस्थामा उनको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी कुडियाबाट खटिएको प्रहरीले सन्तरामलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### छोरीको हत्या गरेको अभियोगमा पक्राउ

***रूपन्देही, ६ वैशाख***

आफ्नै छोरी १७ वर्षीया अञ्जली घर्ती क्षेत्रीको हत्या गरेको अभियोगमा कंचन गाउँपालिका-५ बर्गदवा बस्ने ४८ वर्षीय नारायण बहादुर घर्ती क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ। नारायणले बुटवल उपमहानगरपालिका-४ लुम्बिनी स्थित मालिका होटल एण्ड लजमा अञ्जलीलाई फलामको रडले टाउकोमा प्रहार गर्दा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय रुद्रपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### दाइको हत्या गरेको अभियोगमा पक्राउ

***संखुवासभा, ७ वैशाख***

आफ्नै दाइ ४१ वर्षीय सनमान राईको हत्या गरेको अभियोगमा सभापोखरी गाउँपालिका-३ एथुम्बु बस्ने ३८ वर्षीय प्रविन राईलाई प्रहरीले पक्राउ गरेको छ। प्रविनले कुटपिट गर्दा सनमानको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय संखुवासभा र प्रहरी चौकी बाहविसेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### बुवाको हत्या गरेको अभियोगमा पक्राउ

***तनहुँ, ८ वैशाख***

आफ्नै बुवा ७६ वर्षीय राप बहादुर बिकलाई धारिलो हतियार चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा म्याग्दे गाउँपालिका-६ बस्ने २६ वर्षीय दिपक बिकलाई प्रहरीले पक्राउ गरेको छ। तनहुँ शुक्लागण्डकी नगरपालिका-९ घारीस्थित छोरी रस्मी बिकको घरमा बस्दै आएका राप बहादुरलाई दिपकले चक्कु प्रहार गरी हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बेलचौतराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

***कैलाली, १३ वैशाख***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी लम्की-चुहा नगरपालिका-३ ब्यबस्थितनगर बस्ने ५४ वर्षीय लालमनि तिमिल्सेनालाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत दिपायलको २०८० पुस २४ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा १० वर्ष कैद र १ लाख रूपैयाँ जरिबाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला अदालत कैलालीमा बुझाईएको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी २० वर्षपछि पक्राउ

***नुवाकोट, २८ वैशाख***

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी दुप्चेश्वर गाउँपालिका-७ शिखरबेशी वाईवा टोल बस्ने ५३ वर्षीय मिन बहादुर तामाङ भन्ने मिम बहादुर तामाङलाई वारदात घटनाको २० वर्षपछि प्रहरीले पक्राउ गरेको छ। तामाङ समेतले दुप्चेश्वर गाउँपालिका-७ बस्ने २७ वर्षीय पेम्बा तामाङलाई २०६१ कात्तिक २९ गते राति धारिलो हतियार खुकुरी, लाठ्ठी प्रहार गरी हत्या गरी फरार रहेको घटनामा संलग्नमध्ये तामाङलाई जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट खटिएको प्रहरीले काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-८ गोठाटारबाट पक्राउ गरेको हो। उनी उपर जिल्ला अदालत नुवाकोटबाट ३ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा ४ जना पक्राउ

***काठमाडौं, ३० वैशाख***

काठमाडौं महानगरपालिका गौशाला डेरा गरी बस्ने सुनसरी, इटहरी उपमहानगरपालिका घर भएका २४ वर्षीय शम्भु धितालको कुटपिट गरी हत्या गरेको अभियोगमा काठमाडौं महानगरपालिका-८ तिलगंगा बस्ने १८/१८ वर्षीय ४ जना किशोरहरूलाई प्रहरीले पक्राउ गरको छ। काठमाडौं महानगरपालिका-९ कुमारी मन्दिर नजिक शम्भु धितालालाई अपरिचित ३/४ जना ब्यक्तिहरुले हतियार प्रहार गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरीले खोजी तथा अनुसन्धान गर्ने क्रममा घटनामा संलग्न उनीहरूलाई काठमाडौं महानगरपालिका-८ तिलगंगाबाट पक्राउ गरेको हो। कुटपिटबाट गम्भीर घाइते भएका शम्भुको केएमसि अस्पताल सिनामंगलमा उपचारको क्रममा मृत्यु भएको थियो।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### वैदेशिक रोजगारमा विभिन्न देश पठाईदिन्छु भनी ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, ३ वैशाख***

वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा देखाई विभिन्न देश पठाईदिन्छु भनी ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भक्तपुर सूर्यविनायक नगरपालिका-७ घर भई काठमाडौं महानगरपालिका-९ सम्भूमार्ग बस्ने २७ वर्षीय पवन केसी, मुगु खत्याड गाउँपालिका-८ घर भई काठमाडौं कोटेश्वर बस्ने २३ वर्षीय नमराज रावत र भोजपुर टम्केमैयड गाउँपालिका-३ घर भई ललितपुर ताल्छीखेल बस्ने २६ वर्षीय सङ्घर्ष

राई रहेका छन् । पक्राउमध्ये पवनले दुबई पठाईदिन्छु भन्दै १ जना पीडितबाट ४ लाख ९० हजार रूपैयाँ ठगी गरेको, नमराजले रसिया पठाईदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख रूपैयाँ ठगी गरेको र सङघर्षले युरोपका देशहरू पठाईदिन्छु भन्दै १३ जना पीडितहरूबाट ७४ लाख ९५ हजार रूपैयाँ ठगी गरेको खुल्न आएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पवनलाई काठमाडौं सम्भूमार्गबाट, नमराजलाई काठमाडौं नयाँ बानेश्वरबाट र सङघर्षलाई काठमाडौं बालाजुबाट पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## करिब ९ लाख बराबरको धनमाल चोरी

***काठमाडौं, ५ वैशाख***

चन्द्रागिरी नगरपालिका-३ आनन्द टोल डेरा गरी बस्ने दोलखा बिगु गाउँपालिका-४ घर भएकी कृपा अधिकारी र मकवानपुर थाहा नगरपालिका-५ घर भएका २७ वर्षीय आकाश तामाङको कोठामा कोही नभएको अवस्थामा दुवै कोठाको ताल्चा फुटाई सुनको विभिन्न गरगहना, नगद तथा ल्यापटप गरी करिब ९ लाख १८ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । प्रहरीले चोरी संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## वैदेशिक रोजगारको प्रलोभन देखाई ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, १४ वैशाख***

वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा देखाई विभिन्न देश पठाईदिन्छु भनी ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धनकुटा साँगुरीगढी गाउँपालिका-५ घर भई काठमाडौं चावहिल बस्ने ५२ वर्षीय कुल बहादुर लिम्बु र झापा दमक नगरपालिका-५ घर भई काठमाडौं बुढानिलकण्ठ नगरपालिका-६ हात्तीगौँडा बस्ने ३८ वर्षीय विजय भण्डारी रहेका छन् । पक्राउमध्ये कुलबहादुरले क्रोएसिया पठाईदिन्छु भन्दै २ जना पीडितहरूबाट २ लाख ५५ हजार रूपैयाँ ठगी गरेको र विजयले स्पेन पठाईदिन्छु भन्दै ८ जना पीडितहरूबाट ५६ लाख रूपैयाँ ठगी गरेको खुल्न आएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले कुलबहादुरलाई काठमाडौं जोरपाटी र विवेकलाई काठमाडौं बबरमहलबाट पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २४ वैशाख***

बैंकिङ कसूर मुद्दाका २ जना फरार प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं सिनामंगल बस्ने कास्की पोखरा महनानगरपालिका-२ घर भएका ५६ वर्षीय पदम बहादुर थापा मगर र काठमाडौं टोखा नगरपालिका-७ धापासी बस्ने सिन्धुपाल्चोक थुमपाखर गाउँपालिका-९ घर भएका ५४ वर्षीय महेश कुमार कार्की रहेका छन् । पक्राउ मध्ये पदम बहादुरलाई उच्च अदालत पाटन ललितपुरको २०७६ वैशाख १० गतेको फैसलाले १ महिना कैद र २० लाख रूपैयाँ जरिवाना तथा महेशलाई सोही अदालतको २०८० जेठ १२ गतेको फैसलाले ५ दिन कैद, बिगो रकम १५ लाख रूपैयाँ जरिवाना र क्षतिपुर्ति बापत पीडित राहत कोषमा ६० हजार रूपैयाँ जम्मा गराउने फैसला ठहर भएको थियो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पदम बहादुरलाई काठमाडौं कलंकीबाट र महेशलाई ललितपुर पुल्चोकबाट पक्राउ गरेको हो । उनीहरूलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पठाइएको छ ।

## अमेरिका तथा क्यानडा पठाईदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, २८ वैशाख***

वैदेशिक रोजगारीका लागि अमेरिका तथा क्यानडा पठाइदिन्छौं भन्दै १० जना व्यक्तिहरूबाट ५ करोड ५० लाख रूपैयाँ ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ घर भई काठमाडौं बुढानिलकण्ठ नगरपालिका-११ कपन बस्ने ४७ वर्षीय टासी शेर्पा, सिन्धुपाल्चोक घर भई काठमाडौं गोकर्णेश्वर नगरपालिका-५ जोरपाटी बस्ने ४२ वर्षीय डिमबुटी शेर्पा र सिन्धुपाल्चोक जुगल गाउँपालिका-१ घर भई काठमाडौं जोरपाटी बस्ने १९ वर्षीय निमा शेर्पा रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूले अमेरिका क्यानडा लगायतका देशमा फुड प्याकिङको काममा मासिक ४ लाख रूपैयाँ भन्दा बढि कमाई हुने लगायतका प्रलोभन देखाई भिषा निकाल्न तथा डकुमेन्ट एप्लाई गर्न, टिकट काट्न र डलर साट्न भन्दै प्रति व्यक्ति ५० लाखसम्म रकम उठाएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । साथै काठमाडौंबाट दुबई ट्रान्जिट बनाई केन्याको जिम्मारमानस्थित घरमा ६ महिनासम्म र नैरोवीस्थित किन्यो भन्ने स्थानमा २/३ महिनासम्म बन्धक बनाई राखेको समेत खुल्न आएको छ । उनीहरू उपर मानव तस्करी गरी ठगी गरेका अपराधमा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ ।

## अमेरिका तथा क्यानडा लैजाने भन्दै मानव तस्करी गरी ठगी गरेको अभियोगमा तीन जना पक्राउ

***काठमाडौं, ३१ वैशाख***

अमेरिका तथा क्यानडा लैजाने भन्दै मानव तस्करी गरी ठगी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा ओखलढुंगा खिजिदेम्बा गाउँपालिका-२ बस्ने ४८ वर्षीय जगत बहादुर तामाङ, तनहुँ ऋषिङ्ग गाउँपालिका-२ बस्ने ४८ वर्षीय जंग बहादुर विक (बराल) र ४६ वर्षीय बिष्णु बहादुर बराली रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई कञ्चनपुर गड्डाचौकी नजिकबाट पक्राउ गरेको हो । अमेरिका, क्यानडा लगायतका मुलुकहरूमा पठाइदिन्छौं भन्दै १० जना व्यक्तिहरूबाट ५ करोड ५० लाख रूपैयाँ ठगी गरेको अभियोगमा यसअघि सिन्धुपाल्चोकका टासी शेर्पा, डिमबुटी शेर्पा र निमा शेर्पालाई प्रहरीले पक्राउ गरेको थियो । टासी, डिमबुटी र निमालाई एजेन्टको रूपमा राखि जगत बहादुर समेत ३ जना भारतको नयाँ दिल्लीमा बसेर संगठित रूपमा मानव तस्करी एवम् ठगी गरेको खुल्न आएको छ । उनीहरूले अमेरिका लैजाँदा दुबई ट्रान्जिट बनाएर केन्या र युगान्डा लगेर राहदानी तथा डलर खोसी ६ देखि ९ महिनासम्म अलपत्र पारी राखेको, केन्या र युगान्डामा सम्बन्धित देशको नागरिक समेतलाई एजेन्ट राख्ने गरेको, पीडितहरू अमेरिका प्रवेश गरे पश्चात जेलमा पर्ने र आफ्ना मानिसहरूले कानुन व्यवसायीहरू प्रयोग गरी जेलबाट मुक्त गरी रोजगारीमा लगाउने भनि पहिले नै काउन्सेलिङ गरी विश्वास दिलाउने गरेको समेत प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । उनीहरूलाई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौं पठाइएको छ । साथै उनीहरूमध्ये जगत बहादुरविरुद्ध वैदेशिक रोजगारी विभागबाट पक्राउ पुर्जी समेत जारी भएकोले उनलाई वैदेशिक रोजगार विभाग पठाइने काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

# यौन जन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***प्युठान, ३ वैशाख***

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा झिमरुक गाउँपालिका-७ सिमलचौर बस्ने २६ वर्षीय नबिन जिसीलाई प्रहरीले पक्राउ गरेको छ। जिसीले ती किशोरीलाई ललाई फकाई आफ्नै घरमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय ओखरकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बर्दिया, ५ वैशाख***

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गुलरिया नगरपालिका-४ कैलाशनगर नयाँबस्ती टोल बस्ने २२ वर्षीय अर्जुन सुनारलाई प्रहरीले पक्राउ गरेको छ। सुनारले ती बालिकालाई चैत २१ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***पाल्पा, ९ वैशाख***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रम्भा गाउँपालिका-२ बस्ने ४८ वर्षीय अम्बर बहादुर सारूलाई प्रहरीले पक्राउ गरेको छ। सारूले ती बालिकालाई गत कात्तिक १३ गते पीडितकै घरमा जबरजस्ती करणी गरेको र सोही कारण बालिकाको पेटमा गर्भ रहन गएको भन्ने उजुरीको आधारमा प्रहरी चौकी हुँगीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १७ वैशाख***

रूपन्देही, ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा तिलोत्तमा नगरपालिका-२ जन-प्रियपथ बस्ने ४८ वर्षीय पुरूषोत्तम भट्टराईलाई प्रहरीले पक्राउ गरेको छ। भट्टराईले ती बालिकालाई २०८० फागुन १६ गते ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***पाल्पा, १९ वैशाख***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रम्भा गाउँपालिका-४ बक्चौर बस्ने ७५ वर्षीय पदम बहादुर खनाललाई प्रहरीले पक्राउ गरेको छ। खनालले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पाल्पा र प्रहरी चौकी आर्यभन्ज्याङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***भोजपुर, २३ वैशाख***

७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा षडानन्द नगरपालिका-१ खोवाचा बस्ने ३० वर्षीय अमृत मंग्रातीलाई प्रहरीले पक्राउ गरेको छ।मंग्रातीले ती बालिकालाई वैशाख ११ गते सोही ठाउँस्थित झाडीमा लगेर ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी कुदाकाउलेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १५ कात्तिक***

झापा, ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा हल्दिबारी गाउँपालिका-४ वडावारी तामाङ बस्ती बस्ने ४५ वर्षीय डिल्ली कुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। ती बालिकालाई घरमा कोही नभएको अवस्थामा श्रेष्ठले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १७ कात्तिक***

धनकुटा, १३ वर्षीया बालिकाकलाई जबरजस्ती करणी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा महालक्ष्मी नगरपालिका-५ बस्ने ५० वर्षीय गोपाल बस्नेत र ५२ वर्षीय राम बहादुर कटुवाल रहेका छन्। ती बालिकाको घरमा कोही नभएको अवस्थामा उनीहरूले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी लेगुवाबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

झापा, ८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मेचिनगर नगरपालिका-१५ भिन्डि बस्ती बस्ने २१ वर्षीय सुकलाल हस्दालाई प्रहरीले पक्राउ गरेको छ। ती बालिकालाई आफ्नै घरमा ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी ज्यामिरगढीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। दुवै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***अर्घाखाँची, २४ कात्तिक***

४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गुल्मी रेसुङ्गा नगरपालिका-१० सिखेधारा बस्ने २५ वर्षीय राम बहादुर घर्ती थापालाई प्रहरीले पक्राउ गरेको छ। थापाले ती बालिकालाई छत्रदेव गाउँपालिका-७ डाँडाखर्कस्थित खर्यानबारीमा लागी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

### अवैध लागूऔषध २२ किलो चरेशसहित दुई जना पक्राउ

***बर्दिया, ४ वैशाख***

बढैयाताल गाउँपालिका-२ फुटाहाबाट अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ २२ किलो ९ सय ५० ग्रामसहित रूकुम पश्चिम सानो भेरी गाउँपालिका-५ बस्ने ३४ वर्षीय बम बहादुर पुन पक्राउ परेका छन्। बिओपी फुटाहाबाट खटिएको सशस्त्र प्रहरी बलको टोलीले नेपालबाट भारततर्फ पैदल जाँदै गरेका पुनलाई उक्त पदार्थसहित नियन्त्रणमा लिएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जमुनी र इलाका प्रहरी कार्यालय मैनापोखरबाट खटिएको प्रहरीले उनलाई

पक्राउ गरेको हो। साथै थप अनुसन्धानको क्रममा सोही ठाउँस्थित घर भाडा लिई बस्ने रूकुम पश्चिम सानो भेरी गाउँपालिका-६ कोतगाउँ घर भएका ३० वर्षीय तिलक पुनको घर तलासी गर्दा लुकाई छिपाई राखेको ४ किलो चरेस जस्तो देखिने पर्दाथ फेला पारी उनलाई समेत प्रहरीले पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## एक सय पचास (१५०) किलो गाँजासहित ७ जना पक्राउ

***मकवानपुर, ५ वैशाख***

मनहरी गाउँपालिका-४ माथिल्लो मसिनेस्थित मध्यवर्ती सामुदायिक वनबाट अवैध लागूऔषध गाँजा १ सय ५० किलोसहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा राक्सिराङ गाउँपालिका-७ बस्ने १९ वर्षीय टिकाराम प्रजा, सोही गाउँपालिका-३ बस्ने १५ वर्षीय किशोर, कैलाश गाउँपालिका-४ बस्ने २८ वर्षीय बम बहादुर चेपाङ, २७ वर्षीय हरि कुमार प्रजा, २७ वर्षीय बिरमान प्रजा, मनहरी गाउँपालिका-३ हाडी खोला बस्ने ४४ वर्षीय रामहरी लुईटेल र सोही गाउँपालिका-५ बस्ने ३६ वर्षीय दिपक थापा मगर रहेका छन्। पर्सा राष्ट्रिय निकुञ्ज लामिटारका कर्मचारी र सोही निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेनाको संयुक्त टोलीले उनीहरूलाई उक्त परिमाणको गाँजा बोरामा बोकेर पर्सा जिल्लातर्फ लैजाँदै गरेको अवस्थामा फेला पारेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मकवानपुर र इलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले उनीहरूलाई गाँजासहित पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## ६८ किलो गाँजासहित दुई जना पक्राउ

***धनकुटा, १५ वैशाख***

अवैध लागूऔषध गाँजा करिब ६८ किलोसहित सुनसरी धरान उपमहानगरपालिका-१७ बस्ने ३० वर्षीय सुरज थापा र धरान उपमहानगरपालिका-३ बस्ने ४० वर्षीय नारायण श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी मुलघाटबाट खटिएको प्रहरीले साँगुरिगढी गाउँपालिका-७ धनकुटा हुक्काबासमा बाग्मती प्रदेश ०१-०२५ च ४६७७ नम्बरको कारलाई जाँच गर्न रोक्न खोज्दा कार नरोकी कारबाट केही सामान फालेर भागेकोमा सामान तलासी गर्दा उक्त परिमाणको गाँजा फेला परेको थियो। उक्त कारको खोजी गर्ने क्रममा इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले साँगुरिगढी गाउँपालिका-६ स्थित होटल माउन्ट एभरेस्टमा फेला पारी कार चालक सुरज र कारमा सवार नारायणलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## दुई सय सोह्र (२१६) किलो गाँजासहित दुई जना पक्राउ

***बारा, १८ वैशाख***

निजगढ नगरपालिका-१० स्थित सडकबाट अवैध लागूऔषध गाँजा २ सय १६ किलोसहित जितपुरसिमरा उपमहानगरपालिका-२ बस्ने ३२ वर्षीय आकाश लामा समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट रतनपुर र इलाका प्रहरी कार्यालय निजगढबाट खटिएको संयुक्त टोलीले रतनपुरबाट निजगढतर्फ जाँदै गरेको ना.५ ख ७५५२ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा ट्रकमा रहेको ७ वटा बोरामा उक्त परिमाणको गाँजा फेला पारी ट्रक चालक लामा समेत २ जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ५० किलो गाँजा बरामद

***महोत्तरी, २४ वैशाख***

औरही नगरपालिका-८ टिमकियाबाट अवैध लागूऔषध गाँजा करिब ५० किलो प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय बर्दिबास समेतबाट खटिएको प्रहरीले एमएच् ४३ एबि ०५६६ नम्बरको कारलाई जाँच गर्ने क्रममा कार नरोकी औरहीतर्फ भागे पश्चात प्रहरीले पिछा गर्दै जाँदा टिमकियास्थित बाटोमा कार फेला पारी तलासी गर्दा डिक्की र पछाडिको सिट मुनी रहेको उक्त गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार कार चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ५६ किलो गाँजा बरामद

***सप्तरी, २५ वैशाख***

बालन बिहुल गाउँपालिका-३ बलान खोलाबाट अवैध लागूऔषध गाँजा करिब ५६ किलो प्रहरीले बरामद गरेको छ। उक्त स्थानमा लागूऔषध ओसारपसार भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी बेलहीबाट खटिएको प्रहरीलाई देख्नासाथ नेपालबाट भारततर्फ जाँदै गरेका व्यक्तिहरूले बोरा छाडी फरार भएपश्चात प्रहरीले बोरा तलासी गर्दा उक्त परिमाणको गाँजा बरामद गरेको हो। प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

## ७७ किलो गाँजा बरामद

***सुनसरी, २६ वैशाख***

बर्जु गाउँपालिका-४ हसनपुरस्थित उखु बारीबाट अवैध लागूऔषध गाँजा ७७ किलो प्रहरीले बरामद गरेको छ। प्रदेश प्रहरी कार्यालय बिराटनगर र सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म कप्तानगन्जकोबाट खटिएको संयुक्त टोलीले उक्त उखुको सोत्तरले छोपी लुकाई छिपाई राखेको ३ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## तीन सय तेह्र (३१३) किलो गाँजासहित एक जना पक्राउ

***सुनसरी, २९ वैशाख***

धरान उपमहानगरपालिका-८ स्थिमा बुढासुव्वा वर्कसपबाट अवैध लागूऔषध गाँजा ३ सय १३ किलोसहित सोही वर्कसपमा काम गर्ने धरान उपमहानगरपालिका-१५ बस्ने २८ वर्षीय आशिष कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको संयुक्त टोलीले वर्कसपको कम्पाउण्डभित्र शंकास्पद अवस्थामा रहेको बा.१० च ६८३८ नम्बरको स्कार्पियो गाडीलाई जाँच गर्दा उक्त परिमाणको गाँजा फेला पारी कार्कीलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## अश्लिल गतिविधि सार्वजनिक गरीदिने भनि ब्ल्याकमेल गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १० वैशाख***

अश्लिल गतिविधि सार्वजनिक गरीदिने भनि ब्ल्याकमेल गर्ने कार्यमा संलग्न रहेको अभियोगमा सिन्धुली तीनपाटन गाउँपालिका- ८ ठेगाना भई काठमाडौं बुढानिलकण्ठ नगरपालिका-८ बस्ने ३६ वर्षीय कमल प्रसाद अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ। पाथीभरा माता नाम गरेको फेक फेसबुक मार्फत रोजगारीका लागि फिजिकल फिटनेसको जाँच गर्नुपर्ने भन्दै माग गरेको नग्न फोटो तथा भिडियो सामाजिक संजालमा सार्वजनिक गरीदिने भनेर ब्ल्याकमेल गरी दु:ख हैरानी दिएको उजुरीको आधारमा साईबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले अनुसन्धान तथा प्राविधिक विश्लेषण गर्ने क्रममा उक्त कार्यमा अधिकारीको

संलग्नता खुल्न आएपछि उनलाई काठमाडौंबाट पक्राउ गरेको हो । उनी उपर विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको कसूरमा काठमाडौं जिल्ला अदालतबाट ७ दिन म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## अढाई वर्षकी बालिकालाई बेचबिखन गर्ने कार्यमा संलग्न महिला पक्राउ

***काठमाडौं, १४ वैशाख***

अढाई वर्षकी बालिकालाई बेचबिखन गरेको अभियोगमा ललितपुर गोदावरी नगरपालिका-१३ घर भई काठमाडौं जडिबुटी बस्ने उर्मिला भन्ने ४३ वर्षीय कल्पना विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ । विश्वकर्माले मकवानपुरको एक परिवारकी बालिकालाई होस्टेलमा राखि पढाई दिने प्रलोभन देखाई काठमाडौंस्थित आफ्नै घरमा राखेको र झापाको काकरभिट्टा पुऱ्याई भारत सिलगुडीबाट आएकी उनकै साथीलाई सुम्पिएको भन्ने सूचनाको आधारमा प्रहरी, राष्ट्रिय बालबालिका खोजतलास केन्द्र तथा राष्ट्रिय बाल अधिकार परिषद्को पहलमा ती बालिकाको उद्दार गरि हाल सुरक्षित आवासगृहमा राखिएको छ। मानवबेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न विश्वकर्मालाई काठमाडौं भृकुटीमण्डपबाट पक्राउ गरेको हो। उनी उपर मानवबेचबिखन तथा ओसार पसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नाबालिकालाई वेश्यावृतिमा लगाएको अभियोगमा दुई जना पक्राउ

***काठमाडौं, २१ वैशाख***

नाबालिकालाई वेश्यावृतिमा लगाएको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा टोखा नगरपालिका-९ दिपज्योती मार्ग बस्ने दार्चुला व्यास गाउँपालिका-६ हुती घर भएका २९ वर्षीय लोकेन्द्र बडु र टोखा नगरपालिका-९ बस्ने सर्लाही हरिवन नगरपालिका-२ घर भएकी ३७ वर्षीया कान्छीमाया घिसिङ रहेका छन्। टोखा नगरपालिका-९ स्थित सुर्खेत खाजाघरमा नाबालिकाहरुलाई विभिन्न किसिमको डरत्राश र प्रलोभनमा पारी वेश्यावृतिमा लगाउने गरेको भन्ने सूचनाको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले खाजाघर संचालक उनीहरूलाई पक्राउ गरेको हो। साथै पीडित बालिकाको पनि उद्दार गरिएको छ। नाबालिकालाई नेपालका विभिन्न स्थानबाट वेटर लगायतको काममा लगाउने भनि खाजाघरमा ल्याई विभिन्न किसिमको डरत्राश र प्रलोभन देखाई ग्राहकहरूसँग खाजाघरमा नै रहेको कोठामा र ग्राहकले चाहेमा बाहिरको होटल/गेष्टहाउसहरूमा समेत पठाई वेश्यावृतिमा लगाउने गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। उनीहरू उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## विभिन्न हातहतियार र जंगली जनावरको मासुसहित चार जना पक्राउ

***कपिलवस्तु, २४ वैशाख***

विभिन्न हातहतियार र जंगली जनावर मृगको जस्तो देखिने मासु करिब ३० किलोसहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा वाणगंगा नगरपालिका-१ जितपुर बस्ने ७३ वर्षीय धन बहादुर सेन, सोही नगरपालिका-१ बुङ्ची बस्ने असिम खाण, सोही नगरपालिका-२ बस्ने ४१ वर्षीय दुर्गा बहादुर शाही र रूपन्देही बुटवल उपमहानगरपालिका-११ मिलनचोक बस्ने ५४ वर्षीय चित्र मल्ल रहेका छन्। असिम खाणको घरको बरान्डामा जंगली जनावरको मासु काटी भाग लगाउँदै गरेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको जनावरको मासुसहित पक्राउ गरेको हो। उक्त स्थानबाट बा.१३ च ८१८४ नम्बरको कार, लु.५१ प ५२६१ नम्बरको मोटरसाइकल र १६ राउण्ड टोटा समेत प्रहरीले बरामद गरेको छ। साथै थप अनुसन्धानको क्रममा धन बहादुर सेनको घर तलासी गर्दा कोठाभित्र लुकाइछिपाई राखेको बाह्र बोर एकनाले बन्दुक २ थान, बाह्र बोर दुई नाले बन्दुक १ थान, दुबै बन्दुकमा लाग्ने टोटा २० थान, २२ हर्नेट लेखेको गोली ३ थान, म्याग्नममा लाग्ने गोली थान ३ समेत प्रहरीले बरामद गरेको छ। यस सम्बन्धामा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## मानव तस्करीमा संलग्न व्यक्ति पक्राउ

***काठमाडौं, २६ वैशाख***

मानव तस्करीमा संलग्न रहेको अभियोगमा कैलाली गौरीगंगा नगरपालिका-२ घर भई ललितपुर, ललितपुर महानगरपालिका-७ झम्सिखेल बस्ने ४१ वर्षीय तेज राम चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई ललितपुर झम्सिखेलबाट पक्राउ गरेको हो। चौधरीले अमेरिका पठाइदिन्छु केही समय ब्राजिलमा गएर काम गर्नुपर्ने र फिलिपिन्स हुँदै जानु पर्छ भनि भन्दै ४ जना पीडितहरूबाट पटक पटक गरी जम्मा १ करोड १८ लाख ५९ हजार रूपैयाँ लिई सम्पर्क विहीन भएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। साथै पीडितहरूलाई ब्राजिलको वर्किङ भिसामा लगाई श्रम स्वीकृति समेत निकाली फिलिपिन्स पुऱ्याएकोमा त्यहाँको अध्यागमनले नक्कली कागजात भनि फिर्ता पठाएको, पीडितहरू नेपाल फर्केपछि पुन: दिल्ली पुऱ्याई होटलमा बन्धक बनाएको र पीडितहरूले ३९ लाख रूपैयाँ बुझाएपछि होटलबाट मुक्त भएको समेत खुल्न आएको छ। उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## स्रोत नखुलेको ९८ लाख रूपैयाँसहित दुई जना पक्राउ

***काठमाडौं, २८ वैशाख***

काठमाडौं महानगरपालिका-५ मालिगाउँबाट स्रोत नखुलेको ९८ लाख रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा रूपन्देही सियारी गाउँपालिका-७ बस्ने २८ वर्षीय समिर सुनार र २९ वर्षीय मिलन बि.क. रहेका छन्। उक्त स्थानमा मिलन समेतका व्यक्तिहरूले हुण्डी सम्बन्धी कारोबार गरिरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले बा.१३ च ४८५८ नम्बरको गाडीबाट उक्त नगद फेला पारी दुवै जनालाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## चेक अनादर मुद्धाका फरार अभियुक्त पक्राउ

***कञ्चनपुर, ३० वैशाख***

चेक अनादर मुद्धाका फरार अभियुक्त भिमदत्त नगरपालिका-६ ऐठपुर बस्ने जनक राज जोशीलाई प्रहरीले पक्राउ गरेको छ। कञ्चनपुर जिल्ला अदालतको २०७९ चैत ९ गतेको फैसलाले चेक अनादर मुद्धामा २ वर्ष कैद र २ हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।उनलाई फैसला कार्यान्वयनको लागि कञ्चनपुर जिल्ला अदालतमा पेश गरिएकोमा तोकिएको कैद सजाय भुक्तानको लागि कारागार चलान गरिएको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – डाँका चोरी

मिति २०८०।१२।३० गते अं.२२:३० बजेको समयमा काठमाडौं कोटेश्वर स्थितबाट चालक शान्ति बहादुर बि.क.ले चलाएको बा.प्र.७३ प ६३१७ नं. को FZ को अफ लाईन पठाओ मोटरसाईकलमा सवार भई जाँदा निज चालकले आफूखुसी रुट परिवर्तन गरी अर्कै बाटो प्रयोग गरी टिकाथली स्थित हनुमन्ते खोलाको किनारमा पुगेपछि अचानक मोटरसाईकल रोकी सो स्थानमा पहिला देखि नै बसी रहेका ३ जना पुरुष व्यक्तिहरूलाई बोलाउँदै मलाई हान्न निर्देशन दिए पछि विपक्षीहरुले मलाई घेरा हाली लात्ती मुड्की, हेल्मेट समेतले प्रहार गरी मैले प्रयोग गर्दै आएको REDMI T-10 5G मोबाईल, जुत्ता, ज्याकेट, नगद समेत गरी जम्मा बिगो रु.६१,४४५/- बराबरको डाँका चोरी गरी लगेको हुँदा कानून वमोजिम कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको मिति २०८१।०१।०२ गतेको गणेश बोहोराको जाहेरी दरखास्त प्राप्त भएपश्चात वारदातमा संलग्न शान्ति बहादुर बि.क., छत्र बहादुर बस्नेत, श्रृजन भुजेल समेतलाई पक्राउ गरी अनुसन्धानपश्चात पेश हुँदा सम्मानित जिल्ला अदालत, ललितपुरको मिति २०८१।०१।३१ गतेको आदेशानुसार निज पक्राउ प्रतिवादीहरु पूर्पक्षको लागि थुनामा गएको ।

## मुद्दा शीर्षक – शरीर बन्धक बनाई जवरजस्ती करणी कसूर

म जाहेरवाली बर्ष १२ की परिवर्तित नाम ५१ प कपिलवस्तु मिति २०७९।१०।२७ गते राती अं.८:०० बजेको समयमा आफ्नो गाउँको उत्तरतर्फ नहरमा दिशा गर्न गएर घरतर्फ आउँदै गरेको अवस्थामा प्रतिवादी राकेश तिवारी मोटरसाईकलमा आई मोटरसाईकल रोकी मलाई समाती नहर सडकको पूर्वतर्फ किनारामा लगी जबरजस्ती करणी गरेकोमा मैले आमा बुबासँग घरमा गई भनी दिन्छु भनी रुँदै गरेको बेला यी विपक्षीले विभिन्न प्रकारका प्रलोभन देखाई मलाई ललाई फकाई म तेरो घरमा पुऱ्यादिन्छु भनी सोही मोटरसाईकलमा बसाली घरमा नलगी तौलिहवा बसपार्क नजिक रहेको न्यू बुद्ध रेष्टुरेन्टमा ल्याई कोठामा रातभर बन्दी बनाई निज राकेश तिवारीले मलाई जबरजस्ती करणी गरी डर धाक धम्की देखाई भोलिपल्ट खुनुवा बोडर हुँदै गोरखपुरमा लगी त्यहाँ पनि होटलमा बन्दी बनाई बेहोस हुने औषधी खुवाई पटक-पटक जबरजस्ती करणी गरेको हुँदा यी विपक्षीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम ५१ प कपिलवस्तुको मिति २०७९।१२।२६ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कपिलवस्तु जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०८१।०१।३० गतेको आदेशले निज प्रतिवादी राकेश तिवारी पूर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८१।०१।२४ गते अ. १७:०० बजे जि. भक्तपुर भ.न.पा-१ सृजनानगर स्थित प्रतिवादीले मेरो नाबालिका छोरी बर्ष १४ की भक्तपुर २७ (ङ४६) लाई जिल्ला सिन्धुपाल्चोक, बाहबिसे घर भई हाल जिल्ला भक्तपुर, भ.न.पा-१ बस्ने बर्ष २६ को बिशाल भण्डारीले जबरजस्ती आफ्नो डेरा कोठामा लगी ढोकाको चुकुल लगाई चिया खान दिई बेहोस बनाई जबरजस्ती करणी गरेको भन्ने जिल्ला दोलखा, बैतेश्वर गा.पा.४ बस्ने बर्ष ३८ की भक्तपुर २७ (ङ४५) को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात सम्मानित जिल्ला अदालत, भक्तपुरको मिति २०८१।०१।०७ गतेको आदेशले प्रतिवादी निज पूर्पक्षको लागि कारागार गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८१।०१।०१ गते राति अं.२१:०० बजेको समयमा जिल्ला झापा ,बिर्तामोड नगरपालिका वडा नं.४ अदुवा खोला स्थित पुरानो राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको भवन भित्र मृतक सुनिता मर्डीलाई निजको श्रीमान देवराज चन्दु राजवंशी भन्ने राज कुमार गनगाईले आफ्नै साथी खैरे भन्ने सुमन पाण्डेसँग आपत्तिजनक अवस्थामा फेला पारी मरणासन्य हुने गरी कुटपिट गरी घाईते अवस्थामा वारदात स्थलमा नै छाडी फरार भएकोमा सोही कुटपिटको चोट तथा पीडाको कारण मृत्यु भएको हुँदा कानून बमोजिम गरी पाँउ भन्ने मृतककी दाई रस्क टुडुको मिति २०८१।०१।०१ गतेको किटानी जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान कार्य सम्पन्न भई सम्मानित जिल्ला अदालत, झापाको मिति २०८१।०१।२७ गतेको आदेशले मृतककी श्रीमान देवराज चन्दु राजवंशी भन्ने राज कुमार गनगाई र परपुरुष खैरे भन्ने सुमन पाण्डेलाई पूर्पक्षको लागि कारागार थुनामा पठाईएको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८१।०१।०२ गते अं.२२:२० बजेको समयमा जिल्ला नुवाकोट, ककनी गाउँपालिका वडा नं.०२, ठूलोचित्रे स्थित बस्ने वर्ष अं.६५ को डम्बर बहादुर तामाङले आफ्नै घरमा ऐ.ऐ. बस्ने अं. वर्ष ३० को मङ्गले तामाङलाई धारिलो हतियार खुर्पा समेतले घाँटीमा प्रहार गरी मारेको भन्ने व्यहोराको मिति २०८१।०१।०२ गते जाहेरी प्राप्त भई अनुसन्धानको क्रममा निज प्रतिवादी डम्बर बहादुर तामाङलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न भएपश्चात सम्मानित नुवाकोट जिल्ला अदालतको मिति २०८१।०१।२७ गतेको आदेशले निज प्रतिवादीलाई पूर्पक्षको लागि कारागार चलान गरिएको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०६५।११।२६ गते जिल्ला सुर्खेत, विरेन्द्रनगर नगरपालिका वडा नं.६ बसपार्कमा जिल्ला कालिकोट साविक पाखा गा.वि.स. वडा नं.४ बस्ने बर्ष १८ को रज बहादुर मल्ललाई जिल्ला कालिकोट, ओदानकु गा.वि.स. वडा नं.९ बस्ने टाईगर भन्ने पदम बहादुर रावत समेतले कर्तव्य गरी मारी वारदात मिति देखि फरार रहेकोमा मिति २०६५।११।२७ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता भई फरार प्रतिवादीहरुलाई खोजतलास गर्ने क्रममा मिति २०८१।०१।०९ गते प्रतिवादी मध्ये जिल्ला कालिकोट साविक पाखा गा.वि.स वडा नं.९ हाल महाबै गा.पा. वडा नं.४ बस्ने बर्ष ४८ को टाईगर भन्ने पदम बहादुर रावत र मिति २०८१।०१।१४ गते जिल्ला दैलेख साविक रानिवन गा.वि.स. वडा नं.९, हाल महाबु गा.पा.४ गिताचौर बस्ने बर्ष ४९ को नरेश सिंह भन्ने मेहेरमान सिंहलाई पक्राउ परी सम्मानित जिल्ला अदालत, सुर्खेतको आदेशले प्रतिवादी पदम बहादुर रावत पुर्पक्षको लागि कारागार चलान भएको र प्रतिवादी मेहेरमान सिंह रु.१,७५,०००/- धरौटीमा छुटेको ।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

## नेपाल प्रहरी प्रधान कार्यालय
## अपराध अनुसन्धान विभाग
## नक्साल काठमाडौं

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np